# स्याङ्जा जिल्ला अदालत

प्रशासन

पत्र संख्याः- २०७६/०७७
चलानी नं. २८८४
प्राप्त पत्र संख्या र चलानीः

मिति २०७६।१२।०९

# सूचना! सूचना !! सूचना !!!

बिषयः- कोरोना सङ्क्रमणको बिपद् ब्यवस्थापन सम्बन्धमा।

प्रस्तुत बिषयमा सम्मानित सर्वोच्च अदालतको मिति २०७६।१२।७ गतेको पूर्ण बैठकको निर्णय सहितको च.नं. १७४७ मिति २०७६।१२।०७ गतेको परिपत्रानुसार बिश्वभरी महामारीको रुपमा फैलिईरहेको नोवल कोरोना भाईरस (COVID-19) को सम्बन्धमा मिति २०७६।१२।०९ गते देखि मिति २०७६।१२।२१ गतेसम्म तपसिल बमोजिमका कार्यहरु मात्र हुने गरी अदालत खुल्ला रहने र मुद्दा रिट तथा निवेदनहरुमा पेशी तारेख लगायतका अन्य कुनै पनि काम कारवाही उल्लेखित अवधिसम्म नहुने गरी सेवाप्रवाह बन्द हुने ब्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u>

१. अभियोगपत्र दर्ता, बयान, थुनछेक,
२. बन्दीप्रत्यक्षीकरण,
३. म्यादथप, पक्राउपूर्जी अनुमति, जरुरी पक्राउ स्वीकृत,
४. मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १५५ अनुसार कैद बापत रकम लिई कैदबाट छोडी पाउने निवेदन।

*नोटः- मुद्दाका सरोकारवाला पक्षहरुलाई मिति २०७६।१२।९ गते देखि ऐ २१ गते सम्ममा परेका साधारण तारेख पेशी तारेख र साक्षीको तारेख तोकिएका पक्षहरुलाई अदालत खुलेको दिन देखि बाटोको म्याद बाहेक १० दिन भित्र आफ्नो तारेख लिन र आफ्ना साक्षी उपस्थित गराउनुहुन जानकारी गराईन्छ।*